“समन्वयमा आधारित खोटेहाङ, दिगो विकास र समृद्धि हाम्रो अभियान”

# खोटेहाङ गाउँपालिका

## आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम

गाँउ सभाबाट स्वीकृत : २०७८/०३/१० गते विहान ०८:४५ बजे

खोटेहाङ गाउँपालिका

अध्यक्ष श्री प्रदिप राई ज्यूद्वारा

मिति २०७८ साल असार ०९ गते बुधबार प्रस्तुत

"समन्वयमा आधारित खोटेहाङ, दिगो विकास र समृद्धि हाम्रो अभियान"

**सम्मानित गाउँसभाका सभा उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभा ससदस्य ज्यूहरु गाउँपालिकाको सम्पूर्ण कर्मचारी मित्रहरु,**

- नेपालको संविधान बमोजिम संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प सहित स्थानीय सरकारको हैसियतले खोटेहाङ गाउँपालिकाको नवौं गाउँसभा बैठकमा आ. व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महशुस गरिरहेको छु ।
- नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका खातिर इतिहासका विभिन्न कालखण्डहरुमा भएका आन्दोलन तथा सशस्त्र संघर्षमा जीवन आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्न चाहान्छु, बेपत्ता एवं पीडित नागरिकहरुप्रति सम्मान ब्यक्त गर्न चाहान्छु ।
- विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ का कारण मृत्यु हुने सम्पूर्ण मानवजीवन प्रति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु, साथै संक्रमितहरुमा स्वास्थ्य लाभको कामना गर्दछु । महामारीको यस विषम परिस्थितिमा मानवमूल्यका खातिर अहोरात्र खट्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, समाजसेवी एवं कर्मचारीहरुप्रति सम्मान ब्यक्त गर्न चाहान्छु । कोरोना रोकथामका लागि खोटेहाङ गाउँपालिकाले चालेका हरेक कदमहरुमा साथ दिनुहुने खोटेहाङ गाउँपालिकावासी आदरणीय जनसमुदाय प्रति आभार ब्यक्त गर्न चाहान्छु ।

**गाउँसभा सदस्यज्यूहरु,**

- नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपालीको" दिर्घकालीन लक्ष्य, प्रदेश सरकार प्रदेश नं. १ को "स्वच्छ, सुखी र समुन्नत प्रदेशको" दूरदृष्टिलाई हृदयंगम गर्दै खोटेहाङ गाउँपालिकाले तय गरेको "समन्वयमा आधारित खोटेहाङ, दिगो विकास र समृद्धि हाम्रो अभियान"को नारालाई सफलिभूत बनाउने संकल्पका साथ हामी खोटेहाङ गाउँपालिकाको समृद्धि, दिगो विकास र समुन्नतीको सपना साकार पार्न सामाजिक, आर्थिक, वातावरणीय सन्तुलन, सुशासन तथा पूर्वाधार क्षेत्रको विकासका लागि समन्वय र सहअस्तित्वलाई आत्मसात गर्दै लागि परिरहेको यहाँहरुमाझ सर्वविदितै छ । यद्यपि हाम्रा सपना र संकल्पहरुको अगाडी थुप्रै चुनौतीका पहाडहरु छन, तपाई हाम्रो समृद्धि र विकासको साझा संकल्प, विश्वास र लगनशीलताले हामी ति चुनौतीहरुको सामना गरिरहेका छौं ।
- स्थानीय तहको सरकार जनताको सवैभन्दा नजिकको सरकार हो । जनताका असिमित आकांक्षा र सपनाहरु प्रत्यक्ष रुपमा स्थानीय तहसंगै जोडिएका हुन्छन । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका प्रचलित कानूनहरुले निर्दिष्ट गरेको स्थानीय तहको काम, कर्तब्य र अधिकारहरुको आधारमा, नेपाल सरकार र प्रदेश सरकारका आवधिक योजना, मध्यकालिन खर्च संरचना, नीति तथा कार्यक्रम एवं कानूनी संरचनाहरुसंग तादात्म्यता कायम गर्दै जनताका असिमित आकांक्षा र सपनाहरुलाई नीति तथा कार्यक्रममा सम्बोधन गर्नु र त्यसको प्रभावकारी कार्यान्वयन गर्नु अहिलेको हाम्रो पहिलो चुनौती रहेको छ ।
- दिगो विकास र समृद्धिको अभियानमा अपेक्षित जनसहभागीता सुनिश्चित गर्नु, विकासलाई वातावरण, गुणस्तरीयता र जनजिविकासंग प्रत्यक्ष रुपमा जोड्नु, समतामूलक एवं सहभागितामूलक समाज निर्माण गर्नु, स्वावलम्वी र सवल अर्थतन्त्र निर्माण गर्नु एवं स्वस्थ, सभ्य, मर्यादित एवं दक्ष मानव पूँजि निर्माण गर्दै त्यसको उपयोगद्वारा खोटेहाङ गाउँपालिकाको सुखद भविष्य निर्माण गर्नु हाम्रालागि उत्तिकै चुनौतीका रुपमा रहेको छ ।
- हाम्रो प्राकृतिक तथा सांस्कृतिक स्रोत, सम्पदा एवं सम्भाब्यताहरुको पर्याप्त अध्ययन, अनुसन्धान एवं उचित प्रयोग गर्दै खोटेहाङ गाउँपालिकाको आर्थिक, सामाजिक विकास गर्नु, संघ र प्रदेशवाट तत्कालका लागि प्राप्त हुने सिमित स्रोतको समुचित सदुपयोग गर्दै खोटेहाङ गाउँपालिकाको समग्र विकासको जनअपेक्षा पुरा गर्नु पनि हाम्रो अर्को मुख्य चुनौतीको रुपमा रहेको छ ।

यिनै चुनौतिहरुलाई अवसरमा रुपान्तरण गर्ने संकल्पका साथ आज म खोटेहाङ गाउँपालिकाको पाँचौं आ.व. को नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

**प्रदीप राई**

## १. आर्थिक विकासका लागि निम्न नीति तथा कार्यक्रमहरु अवलम्वन गरिनेछ :

### (क)कृषि तथा पशुपालन सम्बन्धी नीति :

१. सिंचाई सुविधा नपुगेका ठाउँमा साना सिंचाई, सिंचाई पोखरी तथा प्लास्टिक पोखरी निर्माण गरि कृषि उत्पादनमा बृद्धि गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

२. नगदेवाली (अलैची, अदुवा, वेसार, तेलहन) उत्पादनका लागि विशेष कार्यक्रम गरि कृषकहरुको आयस्तरमा वृद्धि गरिनेछ ।

३. खोटेहाङ गाउँपालिकाका हरेक वडामा कृषि उपज सम्भाव्यता अध्ययनका लागि माटो परिक्षण गरिनेछ र सम्भाव्यताका आधारमा कृषि तथा पशुपालनको पकेट क्षेत्र निर्धारण गरि लक्षित समूहहरुलाई आय आर्जनसंग जोडिनेछ ।

४. खेती योग्य जमिनको उपयोगलाई वढावा दिँदै उद्यमी र जग्गाधनी विच करार सम्झौता मार्फत उपभोग हस्तान्तरण गर्ने नीति लिईनेछ ।

५. कोभिड १९ का कारण सिर्जित आर्थिक संकटका कारण बैदेशिक रोजगारीमा रहेका युवा जनशक्ति स्वदेश फर्किए पश्चात उक्त जनशक्तिलाई कृषि तथा पशुपालन क्षेत्रमा संलग्न गर्दै आर्थिक क्षेत्रको विकास गर्न यथेष्ट लगानी गरिनेछ ।

६. प्रमुख खाद्यान्न वस्तुहरुमा परनिर्भताका कारण मुलुकले व्यहोरिरहेको समस्यालाई दृष्टिगत गर्दै खाद्य सुरक्षाका लागि रणनीतिक महत्वका बालीहरु तथा मसलाजन्य बालीहरुलाई विशेष प्राथमिकता तथा पकेट क्षेत्र विस्तारका लागि आवश्यक कार्यक्रम ल्याईनेछ ।

७. गुणस्तरीय बीउ विजन , नर्सरी उत्पादन र मलखाद (भकारो सुधार तथा कम्पोष्ट) व्यवस्थापनका लागि आवश्यक ठोस कार्यक्रम तय गरिनेछ ।

८. मनसुनी वर्षालाई मध्यनजर गर्दै प्रत्येक वडामा कम्तिमा २/२ वटा वडास्तरिय रिचार्ज पोखरीको व्यवस्था गरि थोपा सिँचाईको कार्यक्रम ल्याईनेछ ।

९. कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरणका लागि आधुनिक औजारको प्रयोग गरी परम्परागत खेती/पशुपालन प्रणालीलाई आधुनिक खेती/पशुपालन प्रणाली तर्फ लगिनेछ जसका लागि उपकरणहरुको पर्याप्तता सुनिश्चित गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

१०. कृषक तथा पशुपालकको व्यवसायिक लगानीको सुरक्षाका लागि आवश्यक मापदण्ड तयार गरि प्रभावकारी कृषि तथा पशु विमा कार्यक्रमको व्यवस्था गरिनेछ ।

११. कृषि तथा पशुपालन पेशामा लागेका कृषक तथा पशुपालकलाई हरेक वर्ष उत्कृष्ट कृषक तथा पशुपालक छनौट गरि पुरस्कृत गर्ने, तालिम एवं भ्रमण गराउने आवश्यक व्यवस्था गरिनेछ ।

१२. रसायनिक मलको प्रतिस्थापन गर्दै अर्गानिक खेतीलाई प्रोत्साहित गर्ने गरी आवश्यक नीति, गुरुयोजना तथा कार्यक्रम तयार गरी आगामी आ. व.मा कम्तिमा एक वडालाई आर्ग्यानिक खेतीयुक्त वडा बनाउन आवश्यक कार्यक्रम गरिनेछ ।

१३. आधुनिक खेतीप्रणाली एवं पशुपालन प्रणालीको विकासका लागि बाली एवं पशुपालन अनुसार कृषक/पशुपालन समुह गठन गरी स्थलगत घुम्ती तालिम दिनुका साथै प्राविधिक सेवामा विस्तार गरिनेछ ।

१४. पशु विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने उन्नत पशु, उन्नत डाले तथा भुई घाँसको ब्रीउ, नर्सरी स्थापना, औषधी खोप इत्यादि पर्याप्तता सुनिश्चित्त गरिनेछ ।

प्रदीप राई
अध्यक्ष

१५. आधुनिक प्रविधिको प्रयोग तथा प्राविधिक सेवाका लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा बहुपक्षिय पशुपालन (पशुपालन सहकारी, स्रोत व्यक्ति, एग्रोभेट , वितिय सँस्था ) सेवा प्रणाली स्थापनमा विस्तार गरिने नीति ल्याईनेछ ।

१६. गाउँपालिकालाई आगामी आ.व. मा दूध, फूल तथा मासुमा आत्मनिर्भर बनाउन पशुपंक्षी पालन कार्यक्रमको एकिकृत प्याकेज ल्याईनेछ ।

१७. पशुपंक्षि तथा कृषि उपज प्रदर्शनी मेलाहरुको आयोजना गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।

१८. आधुनिक पशुपालन तथा पँक्षीपालनलाई जोड दिनका लागि चेतनामुलक कार्यक्रम सन्चालन गर्ने नीति लिईनेछ ।(पत्रपत्रिका , विद्यालय शिक्षा ,समुह शिक्षा इत्यादि ।)

१९. पशुपालन तथा कृषि व्यवसायमा सामूहिक लगानी तथा पारस्पारिक हित एवं प्रतिफल प्रर्वद्धनका लागि यस गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाहरुलाई सकृय बनाई कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर बनाउन सहकारी अभिमुखिकरण तालिम एवं अन्य आवश्यक व्यवस्था गरिनेछ ।

२०. कृषि उपज तथा पशुपालनमा लाग्ने किरा तथा परजिवी नियन्त्रणका लागि ९ वटै वडामा औषधी वितरण तथा घुम्ती शिविर सन्चालन गरिनेछ ।

२१. नश्ल सुधारलाई ध्यानमा राखी प्रजननका लागि उपयुक्त ब्याड भाले पशु मात्र प्रयोग गरि अन्यलाई बन्ध्याकरणमा ध्यान दिईनेछ ।

२२. गाउँपालिकाको विभिन्न स्थानमा उत्पादन हुने कृषि तथा पशुपंक्षीजन्य वस्तुहरुलाई प्रशोधन /संकलन गरी बजार सम्म पुर्याउने उचित व्यवस्था गरिनेछ, गाउँपालिकाका मुख्य बजारक्षेत्रहरुमा बजार व्यवस्थापनका लागि आवश्यक योजना ल्याईनेछ ।

२३. गाउँपालिकालाई कृषि उपज तथा पशुपालन व्यवसायमा आत्मनिर्भरता तथा पालिका बाहिर निर्यात प्रर्वद्धनका लागि आवश्यक मापदण्ड तयार गरि उत्पादक तथा निर्यातकर्ता कृषक तथा पशुपालकलाई लगानी तथा पुरस्कारको व्यवस्था गर्ने नीति अख्तियार गरिनेछ ।

२४. प्रमुख खाद्यन्न वस्तुहरुमा परनिर्भताका कारण मुलुकले व्यहोरिरहेको समस्यालाई दृष्टिगत गर्दै खाद्य सूरक्षाका रणनीतिक महत्वका बालीहरु तथा अन्य मसलाजन्य बालिहरुलाई विशेष प्राथमिकता तथा पकेट क्षेत्र ( धान,मकै,कोदो,लसुन,प्याज र कागति ) विस्तारको आधारमा कार्यक्रम बनाइने छ ।

२५. कृषि उपजलाई सहज रुपमा बजार सम्म पुर्याउन कृषि क्षेत्र सम्म पुग्ने पूर्वाधारहरुको विस्तार गरिने छ ।

२६. पालिकाले कृषि उत्पादन भण्डारण लागि आवश्यक शीत भण्डार तथा संकलन केन्द्र पूर्वाधारको विकास गरिनेछ ।

२७. गाउँपालिकाको कृषि तथा पशु सेवा शाखामा कृषकहरुको समस्या तथा जिज्ञासाहरुलाई सन्चारका माध्यमबाट निशुल्क रुपमा सुझाव तथा परामर्श पदान गर्न हेलो कृषि टेलिफोन सेवा सन्चालन गरिनेछ ।

**(ख)उद्योग तथा पर्यटन:**

१. खोटेहाङ गाउँपालिका क्षेत्रभित्रका धार्मिक, साँस्कृतिक, ऐतिहाँसिक तथा प्राकृतिक रुपमा पर्यटकीय महत्व बोकेका क्षेत्रहरुको सूची तयार गरि पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययन थालिनेछ र विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ ।

२. गत आ. व. मा थालिएका पर्यटन सम्बन्धित क्रमागत योजनाहरुको कार्यलाई निरन्तरता दिईनेछ ।

३. खोटेहाङ गाउँपालिकामा पर्यटकीय पदमार्गहरुको पहिचान गरि त्यसको विकासका लागि आवश्यक योजना तर्जुमा गरिनेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

४. खोटेहाङ गाउँपालिका क्षेत्रभित्रका पर्यटकिय सम्भावना बोकेका स्थानहरु रामप्रसाद राई स्मृती पार्क, इन्द्राणीपोखरी, सोलढुंगा, कपासे भञ्ज्याङ, लिकुवापोखरी, यलम्बर पार्क, पारुहाङ सुम्निमा पार्क, पामाखाङ भञ्याङ आदि क्षेत्रको प्रचार प्रसार गरि आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने नीति लिईनेछ ।

५. पुरातात्विक महत्वका मठमन्दिर, गुम्वा तथा सम्पदाहरुको संरक्षण तथा आवश्यकता अनुसार नवनिर्माण समेत गरिनेछ ।

६. निजि क्षेत्रसंगको सहकार्यमा घरेलु तथा साना उद्योगहरुको विकास तथा प्रवर्द्धन गरिनेछ ।

७. संघीय सरकारले बजेट भाषणमा घोषणा गरेअनुसार कर्मचारीहरुलाई १० दिनको तलव बराबरको भत्तासहित पर्यटन विदा(१०दिन) दिईनेछ ।

(ग) सहकारी :

१. सहकारीताका माध्यमद्वारा खोटेहाङ गाउँपालिकाको स्वबलम्वी अर्थतन्त्र निर्माण गर्ने साथै सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भको रुपमा विकास गरिनेछ ।

२. स्थानीय सहकारी ऐन २०७५ को प्रभावकारी कार्यान्वयन गर्दै कृषि पशुपालन तथा घरेलु उद्योगहरुलाई सहकारिताको अवधारणासंग जोड्दै उत्पादन र व्यवसायीकरणलाई जोड दिईनेछ ।

३. खोटेहाङ गाउँपालिकामा गठन भएका विभिन्न सहकारी संस्थाहरुको सक्रियता अभिवृद्धि गर्न सहकारीता सम्बन्धी विशेष अभिमुखिकरण कार्यक्रमको व्यवस्था गरिनेछ साथै नियमन गरिनेछ ।

४. सहकारी संस्थाहरुको दर्ता नविकरण खारेजी नियमन लगायतको कानूनी र संरचनागत व्यवस्था गरिनेछ ।

५. गाउँपालिका भित्र प्राप्त विप्रेषणलाई आयमुलक क्षेत्रमा लगानी गर्नका लागि वित्तिय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यमशिलता र लगानी प्रवर्द्धन गरिनेछ ।

६. समुदायलाई सहकारी संस्थामा आवद्ध गरी उद्यमशिलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) गरिवी निवारण तथा लघु उद्यम

१. श्रम, सीप र स्थानीय कच्चा पादार्थमा आधारीत घरेलु तथा साना उद्योगीहरुलाई प्रोत्साहित गर्न लघु उद्यमको विकास गरी गरिवी निवारणमा टेवा पुर्याइनेछ ।

२. स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा घरेलु तथा साना उद्योग व्यवसायीहरुलाई प्रोत्साहित गरीनेछ ।

३. वैदेशिक रोजगारी बाट फर्कीएका नागरिकहरुको ज्ञान सीप र पूँजी र प्रविधिलाई उत्पादन र लघु उद्यमको विकासमा उपयोग गरीनेछ ।

४. गाउँपालिकामा सम्भावना बोकेका कृषि उत्पादन जस्तै बाँस, लोक्ता तथा अल्लोका कपडाहरु जस्ता महत्वपूर्ण उत्पादनलाई बढावा दिइनेछ ।

५. उघु उद्यम विकास कार्यक्रम मार्फत गाउँपालिकामा रोजगारी तथा स्वरोजगार उत्पादनमा साझेदारीमा बजेट तथा कार्यक्रम व्यवस्था गरिनेछ ।

२. सामाजिक विकास लागि निम्न नीति तथा कार्यक्रमहरु अवलम्वन गरिनेछ :

(क) शिक्षा:

१. बाल विकास केन्द्रमा कार्यरत बाल शिक्षकको क्षमता विकासका लागि बालमैत्री तालिमको व्यवस्था गरिनेछ ।

२. गाउँ पालिकाको शिक्षा नीति निर्माण गरि लागू गरिने छ ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष

३. शैक्षिक उपलब्धि अभिवृद्धिका लागि दण्ड र पुरस्कारको नीति अबलम्बन गरिने छ।

४. सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवाको विकास र विस्तार गर्दै लैजाने नीति अबलम्बन गरिनेछ।

५. शैक्षिक गुणस्तर सुधारका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

६. विद्यालयको भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइनेछ।

७. कोरोना भाइरस (कोभिड १९) वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले नियमित पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण गर्दै लगिनेछ।

८. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरि लागू गरिदै लगिनेछ।

९. संस्थागत विद्यालयले विद्यार्थीलाई उपलब्ध गराउने सेवा तथा सुविधाका आधारमा नियमानुसार निश्चित मापदण्ड बनाई शुल्क निर्धारण गरिनेछ।

१०. आवश्यक भौतिक पूर्वाधार विकास तथा विद्युत विस्तार भएका सामुदायिक विद्यालयहरुमा इ हाजिरीको व्यवस्था गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।

११. **"बालबालिकालाई विद्यालयमा ल्याऔं र पढाइमा टिकाऔं"** कार्यक्रम अनुरुप आधारभूत तहको खुद भर्नादर शत प्रतिशत तथा कक्षा छाड्ने दर र कक्षा दोहोर्‍याउने दर शुन्य बनाउन आवश्यक पहल गरिनेछ।

१२. आधारभूत तह पार गर्ने दर सत प्रतिशत पुऱ्याउन आवश्यक पहल गरिनेछ।

१३. शिक्षाको समग्र पक्ष (शैक्षिक, भौतिक, प्रशासनिक) क्षेत्रको सुधारका लागि प्रधानाध्यापकलाई थप जिम्मेवारी बनाउन मापदण्ड अनुसार प्र.अ.नियुक्तिको व्यवस्था गरि करार सम्झौता गरिनेछ।

१४. सबै सामूदायिक विद्यालयहरुमा क्रमागत रुपमा कम्प्युटरको व्यवस्था गरिनेछ।

१५. बालबालिकाहरुको क्षमतागत विविधताको सम्मान गर्दै चौतर्फी विकासका लागि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।

१६. शिक्षा ऐन तथा नियमावली बमोजिम आवश्यकता अनुसार  शिक्षक दरबन्दी व्यवस्थापन तथा मिलानको नीति अवलम्बन गर्दै लगिनेछ।

१७. खोटेहाङ गाउँपालिकामा रहेका प्राविधिक शिक्षालयहरुको संरक्षण र सम्वर्द्धनमा जोड दिईनेछ।

१८. बालमैत्री र प्रविधिमैत्री कक्षाकोठा निर्माण गरी प्रविधिको प्रयोगलाई प्रभावकारीताका आधारमा निरन्तरता दिने नीति लिइने छ।

१९. शिक्षालाई रोजगारमूलक र व्यवसायिक बनाउन आवश्यक पहल गरिनेछ।

२०. सार्वजनिक विद्यालयको समग्र सुधारका लागि सार्वजनिक विद्यालय सबलीकरण दशक २०७६-८५ को राष्ट्रिय शिक्षा नीतिलाई अवलम्बन गरिनेछ।

२१. दरवन्दि अभाव भएका ३ वटा माध्यामकि विद्यालयहरुमा पालिका स्वंयमसेवक शिक्षकहरुको व्यवस्थापनको लागि अनुदान रकमको व्यवस्था गरिनेछ।

२२. गाउँपालिकाभित्रका एम.फिल. गर्ने तथा पि.एच.डी. गर्ने विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्तिलाई निरन्तरता दिईनेछ भने उच्च शिक्षा अध्ययन गर्न चाहाने दलितहरुलाई लक्षित गरि स्नातकोत्तर गर्ने दलितलाई अध्यक्ष छात्रवृत्ति योजना तथा स्नतकोत्तर गर्ने महिलाहरुलाई उपाध्यक्ष छात्रवृत्ति योजना सञ्चालन गरिनेछ।

२३. दिवाखाजा कार्यकमलाई प्रभावकारी बनाउँदै लगिनेछ।

२४. राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन विभिन्न कार्यकमलाई अगाडि बढाइने छ।

२५. विद्यालयमा गएको अनुदानको प्रयोग र प्रभावकारीता तथा शैक्षिक गुणस्तर सुधारका लागि अनुगमनलाई बढावा दिने नीति  अवलम्बन गरिनेछ।

२६. विषयविज्ञ/रोष्टर शिक्षकको विवरण अद्यावधिक गरी रोष्टर शिक्षकबाट नमुना पाठ प्रदर्शन गर्ने र सो कार्यको सहजिकरण शिक्षा   शाखाले गर्ने व्यवस्था मिलाइनेछ।

प्रदीप राई

२७. प्रत्येक सामुदायिक विद्यालयमा एक बालविकास केन्द्र अनिवार्य गर्न आवश्यक दरबन्दी सृजना गर्दै लगिनेछ ।
२८. खोटेहाङ गाउँपालिकाभित्र रहेका क्याम्पसहरुको प्रशासनिक तथा भौतिक क्षमतामा स्तरोन्नती गरिदै लगिनेछ ।

## ख. स्वास्थ्य :

१. आधारभूत स्वास्थ्य सेवा सुनिश्चित र ब्यबस्थित गर्दै अस्पतालको स्तरोन्नती गरिनेछ ।
२. सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउदै वर्थिङ सेन्टरलाई क्रमिक थप गरि सबै वडाहरुलाई क्रमश: घरमा सुत्केरी शून्य (शत प्रतिशत संस्थागत सुत्केरी) वडा घोषणाका लागि आवश्यक कार्यक्रम सन्चालन गर्ने साथै आवश्यक जनशक्तीको ब्यबस्था गरिनेछ ।
३. मातृ तथा नवशिशु मृत्युदरलाई कम गर्ने उद्देश्यले सुत्केरी घरभेट र गर्भवती जाँच कार्यक्रमलाई जोड दिन आवश्यक ब्यवस्था गरिनेछ ।
४. पूर्ण खोप दिगोपनालाई सुनिश्चित र व्यवस्थित गर्दै गाउँघर क्लिनिक तथा खोप केन्द्र भवन निर्माणलाई क्रमिक जोड दिइनेछ ।
५. कम उमेरमा विवाह, कम उमेरमा गर्भवती हुनेको संख्या घटाउनका लागि सामुदायिक सचेतनाका कार्यक्रमहरु सन्चालन गरिनेछ ।
६. गाउँपालिका भित्र रहेका नसर्ने रोगका बिरामीहरुको लागत संकलन गरि समय समयमा स्वास्थ्य परिक्षण शिविर, साथै सर्ने तथा नसर्ने रोग सम्बन्धी सामाजिक सचेतनाका कार्यक्रमलाई जोड दिईनेछ ।
७. ल्याव सेवालाई निरन्तरता दिनका लागि आवश्यक वजेटको ब्यवस्था गरिनेछ ।
८. स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले पुर्‍याएको योगदानको कदर गर्दै प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।
९. गाउँपालिका भित्र रहेका प्रजनन् तथा यौन समस्या भएका महिलाहरुको लागत संकलन गरि संघ संस्थाहरुसंग समन्वय गरि विशेषज्ञ डा. ल्याई स्वास्थ्य परिक्षण शिविर सन्चालनमा जोड दिईनेछ ।
१०. आधारभुत स्वास्थ्य सेवा सन्चालन गर्न निशुल्क औषधी, बर्थिङ सेन्टर का लागि वैकल्पिक उर्जा लगायतका स्वास्थ्य सामाग्रीहरुको ब्यबस्थाका लागि आबश्यक वजेटको ब्यबस्था गरिने नीति लिइनेछ ।
११. स्वस्थ जीवन अर्न्तगत नसर्ने रोग न्यूनिकरणका लागि योग सम्बन्धी कार्यक्रम ल्याइनेछ ।
१२. बालबालिकाहरुको स्वास्थ्य, खोपहरुको उपयोग पोषण स्तरमा सुधार गर्न विशेष कार्यक्रम ल्याईनेछ ।
१३. स्वास्थ्य संस्थाको क्षेत्रभित्र स्वस्थ्य र स्वच्छ खानेपानीको पहुँचको व्यवस्था गरिनेछ ।
१४. आधारभूत अस्पताल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
१५. कोरोना रोगको रोकथाम नियन्त्रण र उपचारका लागि आवाश्यक बजेट व्यवस्था गरिनेछ ।
१६. पालिका भित्रका जनतालाई स्वास्थ्य सेवामा सहज पहुँचका लागि थप एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ ।
१७. ज्यान जोखिममा रहेका अति विपन्न गर्भवती तथा सुत्केरी आमाहरुलाई नि:शूल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ ।
१८. सबै स्वास्थ्य चौकीहरुमा ईन्टरनेट सेवा विस्तार गरिनेछ ।
१९. प्रसूति केन्द्रको रात्रीकालिन, जोखिम भत्ता र स्वास्थ्य चौकीहरुको कार्यलय सञ्चालन खर्चलाई निरन्तरता दिईने छ ।
२०. सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउदै SBA Training, MNH update, Onsite Coaching लागि वजेटको ब्यवस्था गरिनेछ ।
२१. कम उमेरमा विवाह, कम उमेरमा गर्भवती हुनेको संख्या घटाउनका लागि सामुदायिक सचेतनाका कार्यक्रमहरु सन्चालन गरिनेछ ।
२२. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसंगको सहकार्य तथा समन्वयमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ ।

प्रदीप राई

२३. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिला, बालबालिका तथा किशोरीहरुका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ग. सामाजिक समावेशीकरण :

१. "उत्पादनमा हाम्रो साथ, वस्दिन म खालिहात" भन्ने नाराका साथ महिलाहरुको आयआर्जनमा प्रोत्साहन गरिनेछ ।

२ विपन्न, गरिव तथा एकल महिलाहरुको लागि सीप बिकास तालिम संचालन गरि रोजगारीका लागि सक्षम बनाइनेछ ।

३. महिलाहरुको क्षमता अभिबृद्धिको लागि आधुनिक सिप तथा तालिम लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. महिलामाथि हुने सबैप्रकारका हिंसा र विभेदको अन्त्य गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. हिंसा पिडित महिलाको लागि आयआर्जन तथा सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।

६. महिलाहरु लाई करेसाबारी तरकारी खेति तर्फ प्रोत्साहन गरिनेछ ।

७. विपन्न महिलाहरुको जिवनस्तर उकास्न अनुदानमुलक कार्यक्रम संचालन गरिनेछ ।

८. बालविवाह, बालशोषण न्युनिकरण गर्न विषेश पहल गरिनेछ, खोटेहाङ गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका बनाउन आवश्यक नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

९. बालक्लवहरु गठन गरि क्षमता विकास, प्रतिभा पहिचान तथा सांगठनिक नेतृत्व विकास प्रक्रियाका हरेक चरणमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।

१०. अंपाङगता भएका व्यक्तिहरुको अभिलेख राख्न तथा सेवा उपलब्ध गराउन घुम्तीसेवा संचालन गरिनेछ ।

११. अंपाङगता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री वितरण गरिने निति लिइनेछ ।

१२. अंपाङ्गताको किसिम तथा अवस्था हेरी सीपमूलक तथा आय आर्जनमूलक कार्यक्रम संचालन गरिनेछ ।

१३. ज्येष्ठ नागरिकहरुको ज्ञानसिप र अनुभवलाई सदुपयोग गर्ने निति लिइनेछ ।

१४. पालिकाका सबै वडाहरुमा युवाक्लबको गठन गरी विपद व्यवस्थापन तथा स्वयंसेवकीय कार्य र सामाजिक जागरणका अभियानहरुमा युवा परिचालन गरिनेछ ।

१५. युवा सशक्तिकरणका लागि गाउँपालिकाको युवा डाटा बैङ्क तथा युवा प्रोफाईलंका आधारमा रणनीति तयार गरि नेतृत्व विकास, उद्यमशीलता विकास तथा उत्प्रेरणा अभिबृद्धिका लागि विशेष अभिमुखिकरण कार्यक्रमको व्यवस्था गरिनेछ ।

१६. बैदेशिक रोजगारीबाट फर्केका र अन्य बेरोजगार युवाहरुलाई उद्धमशीलता तथा वितीय साक्षरता तालिम प्रदान गरी सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजिकरण गर्दै स्वरोजगार र रोजगारीका थप अवसरहरुको सृजना गरिनेछ ।

१७. युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

१८. खेलकुद क्षेत्रको विकासका लागि खेलकुद समितिहरुको विस्तार, नियमन तथा खेलकुद कार्यक्रमहरुको आयोजना गरिनेछ । इन्डुअर गेमका लागि कभर्ड हल निर्माण गर्न विशेष पहल गरिनेछ ।

१९. दलितहरुको आधुनिक सिप र क्षमताका आधारमा आयआर्जन तथा स्वरोजगार प्रर्बद्धनका लागि विशेष कार्यक्रम ल्याईनेछ ।

२०. दलितहरुको कृषि तथा पशुपालन क्षेत्रमा संलग्नता बृद्धि गर्दै कृषि तथा पशुपालनमा उत्पादन बृद्धि गर्न विशेष अनुदान तथा सहुलियतपूर्ण अनुदानको व्यवस्था गरिनेछ ।

२१. आदिवासी जनजातीहरुको सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्न विशेष कार्यक्रमहरुको व्यवस्था गरिनेछ ।

२२. आदिवासी जनजाती ऐतिहाँसिक संग्रहालय निर्माण गर्न विशेष पहल गरिनेछ ।

२३. जातीय छुवाछुत तथा विभेद अन्त्य गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

२४. साहित्य, कला र संस्कृतीको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि परिणाममूखी कार्यक्रम ल्याईनेछ ।

२५. खेलकुद क्षेत्रको विकासका लागि खेल प्रशिक्षक व्यवस्था गरिनेछ, पालिका स्तरिय तथा वडा स्तरका खेलमैदानहरुको क्रमश स्तरोन्नतीका लागि योजना कार्यान्वयन गरिनेछ ।

## घ. प्रधानमन्त्री रोजगार कार्यक्रम :

१. नेपालको संविधान २०७२ को धारा ३३ अनुसार रोजगारीको हकलाई सुनिश्चित गर्दै न्युनतम १०० दिन सम्मको रोजगारी सृजना गरिनेछ । जसमा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका सबै वेरोजगारलाई न्युनतम रोजगारका लागि गाउँपालिकाबाट साझेदारीमा बजेट तथा कार्यक्रम व्यवस्था गरिनेछ ।

२. खोटेहाङ गाउँपालिकामा सञ्चालित योजनाहरुमा कामदार लगाउदा रोजगार सेवा केन्द्रमा रहेको रोजगार बैंक मार्फत सुचिकृत बेरोजगार परिचालन गर्ने निती लिइनेछ ।

३. बेरोजगार रहेका, कोरोनाका कारण रोजगारी गुमाएका र बैदेशिक रोजगारबाट फर्केका तथा विपन्न परिवारका सदस्यहरुलाई लक्षित गरी विकास निर्माणमा परिचालन गरिनेछ ।

४. प्राप्त बेरोजगार व्यक्तिहरुको सुचि जुनसुकै समयमा पनि हेर्न मिल्ने गरी अभिलेखिकरण गरिनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रममा स्थानीय स्तरमा सञ्चलन हुने सडक, सिँचाइ, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपण लगायतका संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा योजना छनौट गरी खोटेहाङको विकास र समृद्धिसँग जोडिनेछ ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन भएको योजनाहरुको अनुगमनलाई थप प्रभावकारी बनाइनेछ ।

## ङ. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता :

१. खोटेहाङ गाउँपालिकाको सवै वडाहरुमा अनिवार्य अनलाईन घटना दर्ता गर्नका लागि आवश्यक पूर्वाधार तथा जनशक्तिको व्यवस्था गरिनेछ ।

२. व्यक्तिगत घटना दर्ता सम्वन्धी वडा कार्यालयको कामलाई प्रभावकारी वनाई तथ्याङ्क सुरक्षाका लागि समेत हस्तलिखित काम कार्वाहिलाई निरुत्साहित गरिनेछ ।

३. यसै वर्ष गठन भएको गाउँपालिका तथा वडा स्तरीय गुनासो सुनुवाई समिति मार्फत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका विषयमा उठेका गुनासोहरुको यथोचित सम्बोधन गरिनेछ ।

४. घटना दर्ताको पुरानो अभिलेखलाई डिजिटलाईजेसन गर्ने काम आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

५. सामाजिक सुरक्षा बापतको रकमलाई बैंकिङ प्रणालिबाट भुक्तानीको व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ ।

## ३. पूर्वाधार विकासका लागि निम्न नीति तथा कार्यक्रमहरु अवलम्वन गरिनेछ :

१. सडक योजना तयार पार्ने, सडकको वर्गीकरण गर्ने Origin बलम Destination survey मार्फत पालिका भित्रका सडकहरुको बर्गीकरण गरी अन्तर पालिका जोड्ने, पालिका केन्द्र लाई तराइ सँग जोड्ने सडक, अन्तर वडा जोड्ने सडक तथा अन्य वडा स्तरीय सडकको वर्गीकरण गर्ने तथा सडकको क्षेत्राधिकार कायम गरिनेछ ।



प्रदीप राई

२. उल्लेखित वर्गीकरण अनुसार गर्नुपर्ने योजनाहरुको प्राथमिकरण गर्ने, मुख्य रणनैतिक सडक रसुवा, पान्धारे खोटाङबजारलाई १२ महिना नै संचालन हुने गरि स्तरोन्नति गर्ने तथा अन्तरपालिका जोड्ने सडकको अवस्था सुधार गरिनेछ ।

३. प्राविधिक तथा भौगोलिक अध्ययन गरे पश्चात मात्र सडक योजना कार्यान्वयन गरिनेछ ।

४. निर्माण क्षेत्रमा काम गर्ने दक्ष श्रमिकलाई भूकम्प प्रतिरोधी भवन तथा अन्य संरचना निर्माण सम्बन्धमा तालिम दिने तथा त्यसरी तालिम लिएका कामदारको तथ्यांक राखि सो सूचीका कामदारबाट मात्र निर्माण कार्य गराउने नीति अख्तियार गरिनेछ ।

५. निर्माण कार्यको गुणस्तर मापनका लागि आवश्यक जाँचका विधिहरु निर्माणस्थलमै तथा प्रयोगशालामा लागु गर्न आवश्यक पहल गरिनेछ ।

६. धान, आलु बढि मात्रामा उत्पादन हुने स्थान सिंचाइ सुविधा उपलब्ध गराउने, बढ्दो बसाइसराइका कारण बस्ती उजाड हुनबाट रोक्न सिंचित क्षेत्रको बिस्तार गरिनेछ ।

७. सडकको काममा अनिवार्य श्रमदानको व्यवस्था श्रमदान वापत उपभोक्ता समितिद्वारा नाली कटान तथा वर्षे पानी नियन्त्रण गराउने तथा भवन निर्माण क्षेत्रमा उद्यान विकास गराउने नीति लिईनेछ ।

८. जनश्रमदान बराबरको रकम अनिवार्य रुपले सम्झौता अघि जम्मा गरि मिए९म्भाभअत ीष्बदषेष्तिथ एभचष्यम० पछि फिर्ता गर्ने व्यवस्था गरिनेछ ।

९. सम्झौता पश्चात कार्यान्वयनको चरणमा निर्माण कम्पनीलाई ध्यचप कअजभमगभि तथा धयचपष्लन मचबधष्लन अनिवार्य रुपमा प्रस्तुत गर्न बाध्यकारी गर्ने नीति लिईनेछ ।

१०. वडा भित्रका साना योजनाको निम्ति वडाले दिएको प्राथमिकताका आधारमा पालिकाले सहयोग गर्ने नीति लिईनेछ । पालिका भित्र विद्युतीकरण हुन बाँकी स्थानमा यथाशक्य चाँडो विद्युतीकरणका लागि पहल गरिनेछ ।

११. लघु जलविद्युत उत्पादनको सम्भाब्यता अध्ययन गरि उर्जा उत्पादनका लागि आवश्यक पहल गरिनेछ ।

१२. नविकरणीय उर्जामा आवश्यक लगानी गरिनेछ ।

१३. योजना तथा आयोजनाका कार्यहरुमा जनश्रमदानको सुनिश्चितता, सामाजिक परिक्षण, तेस्रो पक्ष मूल्याङ्कन, सार्वजनिक सुनुवाई गर्ने परिपाटि अनिवार्य गरिनेछ ।

१४. खोटेहाङ गाउँपालिकाको रणनीतिक महत्व बोकेका अन्तरपालिका जोडने सडकमा पक्कि पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१५. सम्पूर्ण सडकहरुको पानी निकास व्यवस्थापन गर्ने कार्यक्रम अगाडी बढाईनेछ ।

१६. एक वडा एक खेलकुद मैदान निर्माणकार्यलाई निरन्तरता दिईनेछ ।

पालिका अध्यक्ष

१७. खोटेहाङ गाउँपालिकाको सन्चार सुविधा सहज वनाउनका लागि संम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१८. आ.व. २०७८।७९ भित्रमा खोटेहाङ गाउँपालिकालाई पूर्ण उज्यालो गाउँपालिकाका रुपमा विकास गरिनेछ ।

१९. गाउँपालिकाका आर्थिक, सामाजिक विकासका लागि रणनीतिक महत्वका सवै सडकहरुलाई स्तरोन्नती गरि वर्षैभरि यातायात सन्चालन हुनसक्ने सडक पूर्वाधार विकास गरिनेछ ।

२०. पर्यटकीय सम्भाव्यतायुक्त स्थलहरुलाई डि.पि आर बमोजिम क्रमागत रुपमा विकास गर्दै लगिनेछ ।

२१. नतिजामूलक योजना कार्यान्वयन र प्रभावकारी योजनागत अनुगमनलाई अवलम्वन गरिनेछ ।

२२. उपभोक्ता समितिहरुलाई पभावकारी योजना कार्यान्वयनका लागि नतिजामूलक योजना कार्यान्वय अभिमूखिकरणलाई निरन्तरता दिईनेछ भने डकर्मी पेशासंग आवद्ध श्रमजिवी दाजुभाई दिदीवहिनीहरुलाई डकर्मी तालिम पदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२३. एक वडाबाट अन्य वडा तथा प्रत्येक वडाबाट पालिकाको केन्द्रसम्म जोडिने सडकहरुको स्तरोन्नती गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिने छ :

१. आधुनिक प्रविधिको फोहोर मैला सँकलन नियन्त्रण तथा व्यवस्थापन गर्न खोटाङबजार सहित पालिकाभित्रका घना वस्ती तथा बजार क्षेत्रमा डम्पिङ साइट को व्यवस्था गरिने छ ।

२. सडक योजना संचालन गर्दा खानेपानीको मुहानमा हुने क्षति रोक्ने, वर्षातको पानीको समुचित व्यवस्थापन गर्न Detail Drainage Management Plan बनाउने तथा कार्यन्यन गरिने छ ।

३. आपतकालीन स्वास्थ सेवाका लागि आवश्यक पर्ने एम्बुलेन्स सेवालाई चौविसै घण्टां चालु अवस्थामा राखिने छ ।

४. नदिजन्य पदार्थको उत्खनन कार्यलाई ब्यवस्थित गर्न वातावरणीय अध्ययन गरि उक्त प्रतिवेदनले गरेको सिफारिस अनुसारको परिमाणको उत्खनन गर्ने साथै नदिजन्य पदार्थलाई राजश्वको दायरामा ल्याईनेछ ।

५. निर्माण बजार क्षेत्र तथा सार्वजानिक स्थलम आयश्यकताका अनुसार सार्वजानिक शौचालय तथा शुद्ध खानेपानीको ब्यवस्था गरिनेछ ।

६. सडक योजना सँगै फलफुल तथा भूःक्षय रोकथाम गर्ने प्रजातिका वृक्षरोपण कार्य सँगै लगिनेछ ।

७. खानेपानी तथा सिंचाईका मुहानको पहिचान तथा संरक्षण गर्ने,रिचार्ज पोखरी निर्माण तथा संरक्षण गर्ने, मुहान दर्ताका लागि आवश्यक कार्यविधि तयार गर्ने र खानेपानी तथा सिंचाइ योजनामा मर्मत संभार कोष अनिवार्य गरी नियमन गर्ने।

८. विपदको अवस्थामा तत्काल राहत मिल्ने कार्यकम बनाउन विपद ब्यवस्थापन कोषलाई ब्यवस्थित र मजबुद राखिनेछ ।

९. विपद्को कारणबाट हुने क्षतिलाई पुर्नस्थापना तथा पुर्ननिर्माण गरिनेछ ।

१०. वातावरणलाई प्रदुषित हुनबाट बचाउन रासायनिक तथा प्लाष्टिकजन्य बस्तुहरुको प्रयोगमा निषेध गरिनेछ ।

११. भुक्षय नियन्त्रणका लागी आवश्यक पर्ने उपयुक्त वनस्पति (घाँस युक्त) हरुको रोपण गरिनेछ ।

१२. सडक निर्माण गर्दा दिगो विकासको अवधारणालाई मध्यनजर अवलम्बन गरिनेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

१३. खानेपानीको मुहान, जलाधार संरक्षण,धार्मिक स्थलको संरक्षणमा विषेश ध्यान दिइनेछ ।

१४. सामुदायिक वन भित्र के कस्ता वन पैदावरहरु छन तिनिहरुको अनुगमन गरी औषधीजन्य बनस्पतिहरुको पहिचान, संरक्षण सम्बर्द्धन गर्दै त्यसको व्यवसायीकरणका लागि आवश्यक कार्यक्रम तयार गरिने छ ।

१५. खोटेहाङ गाउँपालिका भित्रका सम्पुर्ण मुख्य सडकहरुको पेटीमा वृक्षारोपण कार्यक्रम अगाडी बढाईनेछ ।

१६. नांगा डाँडाहरुमा सामुदायको सक्रिय सहभागितामा वृक्षारोपण गर्ने कार्य अगाडी बढाईनेछ, प्रत्यक वडाले हरेक वर्ष कम्तिमा एक उजाड क्षेत्रमा अनिवार्य वृक्षरोपण गर्ने नीति अख्तियार गरिनेछ ।

१७. फलफुल खेतीलाई प्रोत्साहित गरी आर्थिक निर्भरता र वातावरण सँरक्षणलाई प्रोत्साहित गर्ने कार्यक्रम ल्याईने छ ।

१८. निर्माण कार्यमा काठको प्रयोग गर्दा वातावरणीय सन्तुलनलाई कायम राख्दै उपयोग गर्ने नीति लिईनेछ ।

१९. खानेपानीका स्रोतहरुको संरक्षण गर्न पोखरी निर्माण गरी पोखरी आसपास बगैंचाको निर्माण गरी पर्यटन व्यवसायलाई समेत प्रोत्साहन गर्ने कार्यक्रम ल्याईनेछ ।

२०. भवन संहिता, भवन निर्माण निर्देशिका र भवन मापदण्ड तयार गरी लागू गरिनेछ ।

**५.सुशासन तथा संस्थागत विकासका लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ :**

१. सुशासन प्रर्वधन तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रमा सदाचार प्रणालीको विकास गरिनेछ । "म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिंन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञासहितको कार्यसंस्कृतीको प्रर्वद्धन गरिनेछ ।

२. कोभिड १९ का कारण आर्थिक कृयाकलापहरुमा आएको संकुचनलाई मध्यनजर गर्दै प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिनेछ ।

३. सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गरिनेछ ।

४. सार्वजनिक प्रशासन, सेवा प्रवाह र सुशासनलाई चुस्त दुरुस्त बनाउन समयसापेक्ष प्रविधिमैत्री बनाउदै सेवा प्रवाहलाई जनअपेक्षा अनुरुप छिटो, छरितो सर्वसुलभ, सरल र उच्च गुणस्तरिय साथै प्रभावकारी ढंगले संचालन गरिनेछ ।

५. जनताको घरदैलोमा सेवा पुऱ्याउने भावना अनुरुप अपाङ्ग, ज्येष्ठ नागरिक तथा बेरोजगारहरुको तथ्याङ्क संकलन तथा व्यवस्थापन एवं पञ्जिकरण सम्बन्धी घुम्ती शिविर सञ्चालन गरिनेछ ।

६. आवश्यक सम्पूर्ण जानकारीहरु चाहिएका बखत सजिलै प्राप्त हुने गरि खोटेहाङ गाउँपालिका अर्न्तगतका विभिन्न शाखाहरुको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

७. खोटेहाङ गाउँपालिकाबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँकार्यपालिका गाउँपालिका अन्तर्गतका कार्यालय, विषयगत शाखाहरू र प्रत्येक वडा कार्यालयहरूमा पारदर्शी कार्यप्रणाली, नागरिक वडापत्र, अनुगमन संयन्त्र, चौमासिक रुपमा सार्वजनिक सुनुवाई र गुनासो पेटिका एवं पारदर्शिता प्रर्वधनका लागि गाउँपालिकाको स्वतः प्रकाशनको व्यवस्था गरिनेछ ।

८. गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री वनाउदै लगिनेछ साथै गाउँपालिकाको वेवसाईट, एप, सामाजिक संजाल, टोल फ्री टेलिफोन सेवा मार्फत कार्यालयका सबै गतिविधिहरूलाई अद्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

९. जनप्रतिनिधि एव कर्मचारीहरूको पेशागत क्षमता र दक्षता वढाउनको लागि अभिमूखिकरण कार्यक्रम तथा अन्य स्थानीय तहहरुको असल अभ्यास र विकासका संरचनाहरू को अध्ययन र अनुसरणका लागि भ्रमण कार्यक्रमको व्यवस्था गरिनेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

१०. राजस्व सुधार कार्ययोजना बनाई लागू गरिनेछ एवं करदाता शिक्षालाई अभियानकै रुपमा संचालन गर्ने एवं राजश्व संकलनका लागि घुम्ति शिविर सञ्चालन गर्ने गरी कर करले होइन रहरले कर तिर्ने वातावरण सिर्जना गरिनेछ ।

११. खोटेहाङ गाउँपालिकाभित्रका सवै कार्यालयहरुमा नागरिकको सहज पहुँचका लागि बाह्रैमास सवारी आवागमन हुन सक्ने सडक निर्माण र सुविधायुक्त पार्किङको व्यवस्था गर्दै लगिनेछ ।

१२. आगामी आ. व. मा गाउँपालिकाको आवधिक योजना अनिवार्य रुपमा तर्जुमा गरिनेछ ।

१३. गाउँपालिकाद्वारा सम्पादित कार्यहरु तथा सेवा प्रवाहको गुणस्तरियता, प्रभावकारिता र सुधारका पक्षहरु समावेश गरि प्रश्नावली तयार गर्ने र नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१४. उपभोक्ता हकहितलाई संरक्षण गर्न बजार अनुगमन कार्यलाई नियमित गरिनेछ । उपभोक्ता सचेतनामूलक कार्यक्रम मार्फत उपभोक्ताहरुको हित गरिनेछ । करको दायरामा नआएका व्यवसायीहरुलाई समेत करको दायरामा ल्याईनेछ ।

१५. आ.व. २०७८/७९ को वजेट तथा कार्यक्रम कार्यान्वनका लागि वार्षिक कार्यतालिका बनाई उक्त कार्यतालिकाको पूर्ण कार्यान्वयनका लागि मातहतका वडा कार्यालय, समिति तथा सम्बन्धित शाखाहरुलाई निर्देशन दिईनेछ ।

१६. आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी र परिणाममुखी बनाउन आन्तरिक लेखा परिक्षण कार्यविधि तर्जुमा एवं कार्यान्वयन गरिनेछ, खोटेहाङ गाउँपालिकाको बेरुजु आकार कम भन्दा कम बनाइनेछ ।

१८. आन्तरिक नियन्त्रण प्रणालि संयन्त्र तयार पारी कार्यन्वयन गरिनेछ ।

१९. परिवर्तनशील समयको माग सगैं विद्युतीय शासनलाई मूर्त रुप दिन **"एक कर्मचारी एक ल्यापटप"** कार्यक्रम तय गरी कार्यन्वयन गरिनेछ ।

२०. आन्तरिक राजस्वलाई व्यवस्थित गर्न, पारदर्शी तथा विश्वसनीय बनाउन, प्रभावकारी अभिलेख व्यवस्थापन गर्न, प्रतिवेदन प्रणालिलाई यथार्थपरक बनाउन, राजस्व व्यवस्थापन सम्बन्धी सफ्टवेयर प्रयोग गरिनेछ ।

२१. राष्ट्रिय कर दिवस संगै स्थानीय कर दिवसलाई महत्वका साथ मनाईनेछ ।

२२. स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानका आधारित निवृत्तिभरण तथा उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि अवकास कोषको स्थापना गरि आवश्यक रकम जम्मा गरिनेछ ।

२३. खोट्हेहाङ गाउँपालिकामा मानव संशाधन व्यवस्थापनको लागि ओ.एण्ड एम. सर्भे गरि सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित र जनमुखि बनाउनेछ ।

२४. खोटेहाङ गाउँपालिकाका कर्मचारीहरुको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ, कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

२५. खोटेहाङ गाउँपालिकाले हालसम्म निर्माण गरेका ४२ वटा कानूनहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ एवं अन्य आवश्यक कानूनहरु यथाशिघ्र निर्माण गरिनेछ ।

२६. गाउँपालिकावाट सम्पादित सार्वजनिक सरोकारका विषयहरुलाई स्वत प्रकाशन तथा प्रविधिमा आधारित सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईनेछ । आवधिक योजना तयार गरि वार्षिक वजेटलाई मध्यकालिन खर्च संरचनासंग जोडिनेछ ।

२७. निर्माणाधिन न्यायिक समितिको सचिवालय तथा इजलास कक्ष मार्फत न्याय सम्पादनको कार्यलाई थप प्रभावकारी बनाइने छ।

२८. खोटेहाङ गाउँपालिकाको ९ वटै वडाहरुमा **समुदायमा न्यायिक संम्वाद कार्यक्रम** सञ्चालन गरिनेछ ।

अन्त्यमा, हाम्रो काँधमा रहेको जनअपेक्षा र सिमित स्रोतको सन्तुलनको चुनौती, कोभिड १९ बाट सिर्जित आर्थिक संकुचन, संघ र प्रदेशबाट प्राप्त बजेटको सिमा जस्ता यावत चुनौतीहरुका बावजुद हाम्रा लक्ष्यहरुसंग हातेमालो गर्न खोटेहाङ गाउँपालिकाका आम जनसामुदायको उल्लासपूर्ण जनसहभागीता र अपनत्व, खोटेहाङ गाउँपालिकाको कर्मचारी संगठन संरचनामा प्राप्त भएको जनशक्तिको अवस्था र विगतबाट प्राप्त सबै प्रकारका सकारात्मक अनुभवहरुका आधारमा उल्लेखित नीतिहरुको सफलता पूर्वक कार्यान्वयन हुनेछ भन्न कुरामा म उपस्थित महानुभावहरुलाई विश्वस्त गराउन चाहान्छु ।

विगत वर्षहरुमा हामीले तय गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सघाउ पुऱ्याउनुहुने सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, विद्यार्थीहरु लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै आगामी दिनहरुमा समेत खोटेहाङ गाउँपालिकाको विकास र समृद्धिको अभियानमा सदैव चासो र सरोकार राख्नुहुने सम्पूर्ण जनसमुदाय, राजनीतिक दल, सरकारी तथा दातृ निकाय, समाजसेवी, वुद्धिजीवी, व्यवसायी र विकास प्रेमी सम्पूर्ण महानुभावहरु संग आगामी दिनहरुमा समेत खोटेहाङ गाउँपालिकाको स्वर्णिम भविष्य निर्माणका लागि अझै बढी रचनात्मक र सकरात्मक सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३